# नीति, कार्यक्रम तथा बजेट वक्तव्य

नेपालगञ्ज उपमहानगरपालिका

नेपालगञ्ज, बाँकें

२०८३ असार १०

# उन्नाइसौं नगर सभामा
# नगर प्रमुख प्रशान्त विष्टद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/८४ को
# नीति, कार्यक्रम तथा बजेट वक्तव्य

नेपालगञ्ज उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०८३ असार १०
www.nepalgunjmun.gov.np

नगर सभाका सदस्यज्यू,

१. आज हामी नेपालगञ्ज उपमहानगरपालिकाको नगर सभाको उन्नाइसौं अधिवेशनमा उपस्थित भएका छौं। सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न आन्दोलनमा अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. नेपालगञ्ज उपमहानगरपालिका बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक एवं बहुजातीय पहिचान बोकेको सदभाव सहरको रुपमा परिचित छ। आवधिक निर्वाचनको माध्यमबाट नगरवासीले हामीप्रति प्रकट गर्नुभएको अगाध विश्वास भरोसा र हामीले नगरवासी समक्ष गरेका प्रतिवद्धताहरु क्रमिक रुपमा पुरा हुँदैछन्।

३. यो ऐतिहासिक सद्भाव र पहिचानलाई संस्थागत गर्दै सम्पूर्ण नगरवासी, नागरिक समाज र निजी क्षेत्रबीचको बलियो सहकार्य र साझा सङ्कल्प सहित समृद्ध सहर नगरवासीको रहरलाई पुरा गर्न प्रयासरत छौं।

अब म नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु।

## कृषि तथा पशुपन्छी

४. सिँचाइ, उन्नत बीउ र मलको सहज उपलब्धता सुनिश्चित गरी कृषि उत्पादनको बजारीकरणका लागि व्यवस्थित तरकारी तथा फलफूल बिक्री केन्द्र स्थापना गरिनेछ। पुष्प खेती, सामूहिक खेती र लिज खेती जस्ता व्यावसायिक खेती प्रणालीलाई  प्रोत्साहन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र आकर्षक पेशाका रूपमा विकास गरिनेछ।

५. एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) तथा प्राङ्गारिक खेती प्रविधिलाई विस्तार गर्दै माटो र बाली संरक्षणमा जोड दिइनेछ। विपन्न तथा अपाङ्गता भएका व्यक्तिलाई कृषि तालिम र प्रविधि हस्तान्तरण गरी कृषि पेशामा आबद्ध गरिनेछ।

६. कृषि उपजको मूल्य अभिवृद्धि र क्षति न्यूनीकरणका लागि पोष्ट हार्भेष्ट व्यवस्थापन गरिनेछ। उपमहानगरपालिकाबाट प्रदान गरिने अनुदान तथा सहुलियतमा वास्तविक कृषकको पहुँच पुऱ्याउन किसान सूचीकरण रोष्टर तयार गरिनेछ।

७. नगर क्षेत्रभित्र रहेका छाडा पशु चौपाया व्यवस्थापन गर्न गाईधनी पहिचान कार्यक्रम, छिमेकी स्थानीय तहहरुसँगको समन्वय तथा कान्जी हाउसलाई स्थानान्तरण केन्द्रको रुपमा विकास गरी सङ्कलित गाईलाई अन्यत्र रहेका गौशालामा स्थानान्तरण गरिनेछ।

८. नेपालगञ्जको ऐतिहासिक महेन्द्र पार्कलाई सम्भाव्यता अध्ययनका आधारमा स्थानीय प्राणी उद्यानको रुपमा विकास गरिनेछ।

९. पशुपालन क्षेत्रको उत्पादकत्व वृद्धि गर्न पशु आहारा राष्ट्रिय अभियानलाई स्थानीयकरण गर्दै कृषकलाई उन्नत जातको घाँसको बीउबिजन वितरण गरिनेछ।

## उद्योग व्यापार तथा व्यवसाय

१०. कृत्रिम अभाव, कालोबजारी र मूल्यवृद्धि नियन्त्रण गरी उपभोक्ता अधिकारको संरक्षण गर्न जिल्लास्थित सरकारी कार्यालय तथा सङ्घ-संस्थाको सहभागितामा अनुगमन कार्यदल मार्फत नियमित बजार अनुगमनको प्रबन्ध मिलाइनेछ।

११. नवउद्यमीहरूलाई तालिम, परामर्श र प्राविधिक सहयोग मार्फत स्थानीय अर्थतन्त्रलाई उत्पादनशील तथा आत्मनिर्भर बनाइनेछ।

१२. स्थानीय र घरेलु उत्पादनको संरक्षण र विस्तार गर्न त्यस्तो उत्पादन खपत गर्ने व्यवसायलाई उपमहानगरपालिकाले वस्तु तथा सेवा खरिद गर्दा प्रोत्साहन एवं प्राथमिकता दिइनेछ।

## पर्यटन

१३. प्रसिद्ध बागेश्वरी मन्दिर, निर्माणाधीन एक सय आठ फिटे हुनमान मूर्ति लगायतका ऐतिहासिक तथा सांस्कृतिक क्षेत्रलाई समेटी धार्मिक पर्यटनको प्रवर्द्धन गर्न मित्र राष्ट्र भारतको अयोध्या नगरसँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ। साथै जामा मस्जिद, गुरुद्वारा, गुम्बा र चर्च लगायतका धार्मिक तथा सांस्कृतिक महत्व बोकेका क्षेत्रहरु समेटी सद्भाव धार्मिक सर्किटको विकास गरिनेछ।

१४. नेपालगञ्जको पर्यटकीय पहिचान तथा आगन्तुकहरुको स्वागतलाई आकर्षक बनाउन राँझा गेटदेखि विमानस्थल प्रवेशद्वारसम्म हरियाली प्रवर्धन तथा सौन्दर्यका कार्यक्रम सञ्चालन गरिनेछ।

१५. उपमहानगरपालिकामा रहेका कान्ति ताल, वाटरपार्क, रानी तलाउको संरक्षण कार्यलाई निरन्तरता दिदै फुटाहा तालको स्तरोन्नति र धोबी घाटको संरक्षण कार्यलाई अघि बढाइनेछ।

## भूमि व्यवस्था तथा सहकारी संस्था

१६. उपमहानगरपालिका क्षेत्रभित्रका सडक तथा सार्वजनिक जग्गाको अनधिकृत अतिक्रमण हटाई सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्न अभियान सञ्चालन गरिनेछ।

१७. नगरभित्र बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी बसोबास गरिरहेको क्षेत्रको नक्सांकन कार्यलाई निरन्तरता दिइनेछ।

१८. सङ्घीय भू-उपयोग नीति तथा कानूनबमोजिम भूमिको वैज्ञानिक व्यवस्थापन र अधिकतम उपयोग सुनिश्चित गर्न नगर क्षेत्रभित्रका भूमिलाई कृषि तथा गैर कृषि क्षेत्रमा वर्गीकरण गरिनेछ।

१९. उपमहानगरपालिका मातहतका सम्पूर्ण सहकारी संस्थाहरुलाई कोपोमिस (CoPoMIS) प्रणालीमा आवद्ध गराई डिजिटल रिपोर्टिङ अनिवार्य गरिनेछ।

सहकारीहरुको वित्तीय स्वास्थ्य र सुशासनका आधारमा वर्गीकरण गरी नियमन, प्रोत्साहन र सुविधा प्रदान गरिनेछ।

२०. सहकारी संस्थाहरुको निक्षेप तथा कर्जा सुरक्षण सुनिश्चित गर्न सहकारी सम्बद्ध अधिकारीलाई तालिम प्रदान गरिनेछ। साथै उपमहानगरपालिकाद्वारा विज्ञ सहितको टोली मार्फत सघन अनुगमनलाई प्रभावकारी बनाइनेछ।

२१. नागरिकलाई अवैध वित्तीय कारोबारबाट जोगाउन विद्यालय र समुदायस्तरमा वित्तीय तथा सहकारी साक्षरता अभियान सञ्चालन गरिनेछ।

## श्रम रोजगार तथा गरिबी निवारण

२२. रोजगारदाता उद्योगी/व्यवसायी तथा रोजगारीका खोजीमा रहेका व्यक्तिहरूलाई श्रम संसार प्रणालीमा आवद्ध गरिनेछ। श्रम बजारको माग विश्लेषण, रोजगारीको नक्साङ्कन, परामर्श (Career Guidance), तथा 'जब म्याचिङ' (Job Matching) गरी आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न स्थानीय रोजगार मेला सञ्चालन गरिनेछ।

२३. श्रम बजारको माग र आवश्यकताका आधारमा व्यावसायिक एवं सीपमूलक तालिम सञ्चालन गरी महिला तथा बेरोजगार व्यक्तिलाई रोजगारीका अवसरसँग आवद्ध गरिनेछ। सीमान्तकृत तथा अल्पसङ्ख्यक महिलाको लागि रोजगार तयारी क्लब सञ्चालन गरिनेछ ।

२४. औपचारिक क्षेत्रमा कार्यरत श्रमिकको मनोबल उच्च राख्न श्रमको सम्मान जस्ता विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२५. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन श्रम तथा पुनःश्रम स्वीकृतिलाई सहजीकरण गरिनेछ। वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवालाई व्यवस्थित गर्दै विदेशबाट फर्किएका नागरिकहरूको सामाजिकीकरण, रोजगारी र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम मार्फत पुनःएकीकरण गरी उनीहरुको सीप र पुँजीलाई स्थानीय अर्थतन्त्रमा आवद्ध गरिनेछ।

२६. सामाजिक तथा आर्थिक रुपले कमजोर वर्ग, समुदायका व्यक्तिलाई गरिबसँग स्थानीय सरकार कार्यक्रम मार्फत उद्यमशीलता तथा बजारीकरण सम्बन्धी तालिम

प्रदान गरी लघु कर्जा प्रवाह गरिनेछ। नियमित किस्ता भुक्तानी गर्ने ऋणीलाई असल ऋणीको रुपमा सम्मान गरिनेछ।

२७. सङ्घीय सरकार, प्रदेश सरकार र यस उपमहानगरपालिकाको साझेदारीमा वैदेशिक रोजगारीमा जान चाहने, फर्किन चाहने, फर्किएर पनि विभिन्न समस्यामा रहेका नगरवासीलाई आवश्यक सूचना तथा परामर्श, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप विकास तालिम मार्फत लक्षित अवसरहरु सिर्जना गरिनेछ। उपमहानगरपालिकालाई सुरक्षित, मर्यादित र रोजगारमैत्री स्थानीय तहको रुपमा स्थापित गरिनेछ।

**<u>सभाका सदस्यज्यूहरु,</u>**

## स्वास्थ्य तथा पोषण, आयुर्वेद तथा खानेपानी

२८. नगरवासीको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ। उपमहानगरपालिका मातहत रहेका स्वास्थ्य संस्थाको सुदृढीकरण गरी निःशुल्क अत्यावश्यक औषधि वितरण गरिनेछ। उदयपुर स्वास्थ्य चौकीलाई पच्चिस शैयाको प्रसूति गृहमा रुपान्तरण गरिनेछ।

२९. उपमहानगरपालिकामा उत्पन्न हुन सक्ने महामारीजन्य तथा कीटजन्य रोगको रोकथाम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। सन् २०५० सम्ममा क्षयरोगमुक्त बनाउने राष्ट्रिय प्रतिवद्धता पुरा गर्न आगामी पन्ध्र वर्षभित्र उपमहानगरपालिकालाई क्षयरोगमुक्त बनाइनेछ।

३०. ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार, गर्भवती र सुत्केरीका लागि आमा सुरक्षा कार्यक्रम तथा तीस वर्ष माथिका महिलाका लागि पाठेघरको मुखको क्यान्सर परीक्षण र खोप सेवा लगायतका स्वास्थ्य सेवाहरु सुनिश्चित गर्न विकास साझेदार निकायसँगको साझेदारीमा नगरवासीको Digital Health Profile निर्माण गरिनेछ। साथै एक स्वास्थ्य अवधारणा अनुरुप मानव स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३१. नेपालगञ्जलाई पोषणमैत्री स्थानीय तहको रुपमा विकास गर्न बालबालिका, गर्भवती र सुत्केरीको पोषण सुधारका लागि बृहत् पोषण सुधार कार्यक्रम सञ्चालन गरिनेछ। जन्मेदेखि उनान्साठी महिनासम्मका बालबालिकालाई पूर्ण खोपको सुनिश्चित गरी दिगोपना कायम गरिनेछ।

३२. उपमहानगरपालिका भित्र सञ्चालित निजी, सामुदायिक र सरकारी स्वास्थ्य संस्थाको कुल शय्याको दश प्रतिशत निःशुल्क शय्यामा विपन्न, बेवारिसे र असहाय बिरामीहरुको पहुँच सुनिश्चित गरिनेछ।

३३. सूर्तिजन्य पदार्थको बिक्री वितरण तथा उपभोग नियन्त्रण गर्न सामुदायिक सचेतना, सघन अनुगमन र दण्डात्मक व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३४. नगरवासीमा बढ्दो तनाव, अवसाद तथा आत्महत्या जस्ता मानसिक स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न योग, ध्यान, मनोसामाजिक परामर्श लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३५. नगर क्षेत्रभित्र खानेपानीको रुपमा प्रयोग भईरहेका नल्का (Tubewell) को पानीको गुणस्तर परीक्षणको आवश्यक प्रवन्ध गरिनेछ।

**शिक्षा**

३६. उपमहानगरपालिकालाई शैक्षिक हबका रूपमा विकास गर्न नगर शिक्षा योजना अद्यावधिक, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको समयानुकूल परिमार्जन र शैक्षिक सुशासनका लागि विद्यालय अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाइनेछ।

३७. विद्यालयमा सूचना प्रविधि, ए.आई (AI) रेडिनेस, STEM Education र परियोजनामा आधारित शिक्षण सिकाइलाई प्रोत्साहन गरी साप्ताहिक रूपमा बुक फ्री डे (Book Free Day) को अभ्यास गरी रचनात्मक सिकाइमा जोड दिइनेछ।

३८. विद्यालयहरूको नक्साङ्कन गरी सामुदायिक र धार्मिक विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक पूर्वाधार निर्माण तथा बाल विकास केन्द्रहरूको सुदृढीकरण गरिनेछ।

३९. सामुदायिक, संस्थागत र धार्मिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि गरी शिक्षाको गुणस्तर सुनिश्चित गर्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थागत र सामुदायिक विद्यालयबीच ज्ञान, सीप र अनुभव आदान-प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

४०. सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थीको अभिलेख व्यवस्थापन, विद्यार्थीको सिकाई उपलब्धी मूल्याङ्कनको नतिजा प्रति शिक्षकलाई जिम्मेवार बनाई दरबन्दी पुनरावलोकन लगायतका समग्र पक्षमा सुधार गरिनेछ।

४१. विद्यालय परिसर वरपरको तीन सय मिटर क्षेत्रलाई सरसफाईयुक्त बनाउन सरसफाई तथा विपद् व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रममा विद्यालयलाई प्रोत्साहन गरिनेछ।

४२. विभिन्न विधा र उमेर समूहका खेलकुद कार्यक्रमहरु सञ्चालन गरी खेलाडीहरु बीच स्वस्थ र अनुशासित सम्बन्ध कायम राखी सामाजिक एकता, सहकार्य र सद्भाव अभिवृद्धि गरिनेछ।

४३. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहभागी स्थानीय खेलाडीलाई सम्मान तथा प्रोत्साहन गर्नुका साथै नगरभित्रका खेलकुद संरचनाहरुको सुदृढीकरण गरिनेछ।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरण**

४४. विपन्न तथा सीमान्तकृत समुदायका महिलाको आर्थिक, सामाजिक रुपान्तरणका लागि महिला विकास कार्यक्रमलाई निरन्तरता दिंदै उद्यमशील महिलाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४५. लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा सबै प्रकारका भेदभाव अन्त्य गर्दै एकल, विपन्न र हिंसापीडित महिलाको संरक्षण, पुनःस्थापना र अधिकार सुनिश्चित गरिनेछ।

४६. बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्दै बालश्रम, बालविवाह र बाल हिंसा न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४७. बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि बाल उद्यान तथा ज्येष्ठ नागरिकका लागि ज्येष्ठ नागरिक भवन निर्माण गरिनेछ। ज्येष्ठ नागरिकको अनुभव आदानप्रदान तथा सम्मानका लागि 'आमाबुवा चौतारी' कार्यक्रम सञ्चालन गरिनेछ।

४८. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन तथा सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन अपाङ्गता परिचयपत्रको डिजिटलाइजेसन कार्य सम्पन्न गरिनेछ। साथै आवश्यक सहायक सामग्री वितरण, सीप विकास, स्वास्थ्य सेवामा पहुँच र अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माण र सूचना प्रणालीको विकास गरिनेछ।

४९. विद्यालय बाहिर रहेका किशोरीहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै किशोरी समूह र सञ्जालमार्फत जीवन उपयोगी सीप र आत्मनिर्भरताका कार्यक्रममा सहभागी गराइनेछ।

५०. **"कोही नछुटुन, कोही नदोहोरिउन"** भन्ने नीति अनुरुप लक्षित वर्ग तथा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कार्यक्रमा शतप्रतिशत सहभागिताका लागि २३ वटै वडामा घुम्ति सेवा र अभियान मार्फत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको कार्यक्रम सञ्चालन गरिनेछ।

५१. **"जन्मदर्ताको अधिकार, मेरो भविष्यको आधार"** भन्ने मान्यतामा आधारित रही जन्मेको पैतिस दिनभित्रै जन्मदर्ता गर्ने तथा अन्य सबै व्यक्तिगत घटना दर्ताको कार्यलाई शतप्रतिशत बनाउन विशेष अभियान सञ्चालन गरिनेछ।

५२. विकास निर्माण र सेवा प्रवाहमा जनसहभागिता अभिवृद्धि गर्न टोलस्तरिय संस्थाको तहगत संरचना निर्माण गरी स्थानीय शासकीय प्रणालीमा आवद्ध गरिनेछ।

५३. उपमहानगरपालिकाबाट सञ्चालन गरिने सीपमूलक तथा क्षमता विकास तालिमसँग सम्बन्धित प्रशिक्षक, व्यवसायी तथा प्रशिक्षण संस्थाहरुको रोष्टर तयार गरी सेवा खरिद गरिनेछ।

५४. उपमहानगरपालिकाभित्र बोलिने सबै मातृभाषाहरुको संरक्षण र सम्वर्धन गर्न राष्ट्रिय समाचार समितिसँगको साझेदारीमा अवधी भाषामा समाचार प्रकाशन तथा प्रशारण कार्यलाई निरन्तरता दिइनेछ।

५५. नेपालगञ्जमा कार्यरत श्रमजीवि पत्रकारको पेशागत सुरक्षालाई सुनिश्चित गर्न पत्रकार कल्याणकारी कोषबाट सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

<u>सभाका सदस्यज्यूहरु,</u>

**आवास भवन तथा बस्ती विकास**

५६. सहरी उत्थानशीलता र विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय भवन संहिताले तोकेको मापदण्डलाई कडाईका साथ लागू गर्दै भूकम्प प्रतिरोधी तथा इनर्जी इफिसियन्सी भवन निर्माण कार्यलाई प्रोत्साहित गरिनेछ।

५७. उपमहानगरपालिकाभित्र बन्ने नयाँ घरका लागि निश्चित मापदण्डका आधारमा निःशुल्क नक्सा तथा डिजाइन सेवा उपलब्ध गराउन हेल्प डेस्कको स्थापना गरिनेछ। साथै भवन अनुमति प्रदान गर्ने कार्यलाई आगामी छ महिनाभित्र विद्युतीय प्रणालीमा रुपान्तरण गरिनेछ।

५८. नगर भित्र निर्माण भएका र निर्माण हुने सार्वजनिक भौतिक संरचनालाई अपाङ्ग तथा बालमैत्री बनाउनुका साथै मुख्य बजार तथा व्यापारिक क्षेत्रमा वढदो पार्किङ्ग समस्या समाधानका लागि औद्योगिक तथा व्यापारिक भवन बनाउदा वेशमेण्ट पार्किङ अनिवार्य गरिनेछ।

**भौतिक पुर्वाधार, यातायात, विद्युत तथा स्वच्छ ऊर्जा**

५९. भौतिक पूर्वाधारका योजना कार्यान्वयन गर्दा सडक हरियाली, वृक्षारोपण र वातावरणीय प्रर्वद्धन कार्यलाई लागत अनुमानमै समावेश गरी कार्यान्वयन गरिनेछ।

६०. अधुरा तथा क्रमागत योजना सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। बस्ती भएको क्षेत्रमा ढल निकास सहितको एकीकृत सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

६१. नगरको सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन ई-रिक्साको अधिकतम संख्या निर्धारण गरी नियमित अनुगमन तथा रुट निर्धारण, अनुमति, नवीकरण लगायतका कार्यलाई व्यवस्थित गरिनेछ।

६२. सार्वजनिक भौतिक संरचनामा हुने क्षतिलाई न्यूनीकरण गर्न नोक्सानीकर्ताबाट असुल गर्ने कानूनी प्रबन्ध गरिनेछ। मर्मत गर्नुपर्ने कार्यको सूचना प्राप्त हुनासाथ मर्मत सम्भारको Prompt Service Apply कार्यान्वयनका लागि मर्मत संभार कोषको उपयोग गरिनेछ ।

६३. नगर क्षेत्रका पुराना बत्तीलाई स्मार्ट एल.ई.डी. प्रविधिमा रूपान्तरण गरी अन्धकार हुने क्षेत्र र सार्वजनिक स्थलमा आवश्यक सडक बत्ती जडान गरिनेछ। उपमहानगरपालिका मातहत रहेका सार्वजनिक विद्युत संरचनाहरूको डिजिटल अभिलेखीकरण एवं मर्मत-सम्भार कार्यको उपयुक्त प्रणाली विकास गरिनेछ।

६४. उपमहानगरपालिका मातहत रहेका सार्वजनिक भवन र संरचनाहरूको विद्युत प्रणाली स्तरोन्नति, विद्युतीय सुरक्षा सुनिश्चितता, विपद्का समयमा तत्काल सेवा प्रवाहका लागि आपतकालीन व्यवस्थापन गरिनेछ। बढ्दो विद्युतीय सवारी साधनको प्रयोग तथा उपमहानगरपालिकाको आन्तरिक आय वृद्धिका लागि चार्जिङ स्टेसन निर्माण तथा सञ्चालन गरिनेछ।

<u>सभाका सदस्यज्यूहरु,</u>

**वन, वातावरण संरक्षण, फोहरमैला तथा ढल व्यवस्थापन**

६५. उपमहानगरभित्रको वन संरक्षण, पर्यापर्यटनको विकास र रैथाने प्रजातिका विरुवाहरूको वृक्षारोपणसहित राजमार्ग तथा अन्य सार्वजनिक क्षेत्रमा व्यवस्थित हरियाली क्षेत्रको विस्तार गर्दै सहरी सौन्दर्य प्रवर्द्धन गरिनेछ।

६६. दिसाजन्य लेदोलाई वैज्ञानिक ढङ्गले व्यवस्थित गर्न दिसाजन्य लेदो प्रशोधन केन्द्रको निर्माण गरिनेछ।

६७. सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप फोहरमैला व्यवस्थापनलाई दिगो, प्रविधिमैत्री र वातावरणमैत्री बनाइनेछ।

६८. फोहोरको स्रोतमै वर्गीकरण, उचित व्यवस्थापन र पुनःप्रयोगका विधिहरूलाई नागरिकस्तर सम्म सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गरी फोहोर उत्सर्जनलाई न्यूनीकरण गरिनेछ।

६९. औद्योगिक तथा व्यापारिक प्रतिष्ठानबाट सिर्जना हुने फोहोरलाई न्यूनीकरण गर्न **No Dustbin No Business** को अवधारणा कार्यान्वयन गरिनेछ।

७०. वर्षायाममा नगर क्षेत्रमा हुने डुबान समस्या समाधान गर्न ढल तथा नालाहरूको हिउँद महिनामै सरसफाइ कार्य सम्पन्नत गरिनेछ।

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

७१. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको सुदृढीकरण गर्दै विपद् उद्दार तथा प्रतिकार्य सामग्रीको परिचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन Inventory Audit गरी ड्यासबोर्ड निर्माण गरिनेछ।

७२. सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई लक्षित गरी नेपालगञ्जलाई 'विपद् व्यवस्थापन स्रोत परिचालन केन्द्र' का रूपमा विकास गरिनेछ।

७३. "आपतकालीन सेवाका लागि समुदायमै स्वयंमसेवा" को मर्मअनुरूप वडा र समुदायस्तरमा तालिमप्राप्त स्वयंसेवकको गठन तथा परिचालन गरिनेछ। विपद्को वित्तीय जोखिम हस्तान्तरणका लागि आवासीय घरहरूको बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७४. विपद्को उच्च जोखिममा रहेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको सुरक्षा र संरक्षणलाई मूलप्रवाहीकरण गरी विपद् व्यवस्थापनका कार्यमा पहुँच सुनिश्चित गरिनेछ।

७५. विपद् व्यवस्थापनमा स्रोत परिचालन गर्दा निजी क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व (CSR), विकास साझेदारहरूको सहयोग र अन्तर-स्थानीय तहको समन्वयलाई प्राथमिकता दिइनेछ।

<u>सभाका सदस्यज्यूहरु,</u>

## सुशासन तथा सेवा प्रवाह

७६. कार्यालयको कार्यबोझ, कार्यप्रकृति र जनशक्ति प्रक्षेपणको वस्तुगत विश्लेषणका आधारमा सांगठनिक संरचनालाई समयसापेक्ष, छरितो र नतिजामुखी बनाइनेछ।

७७. कार्यालयबाट प्रवाह गरिने सेवालाई बर्गीकरण गरी नियमित तथा आकस्मिक प्रकृतिका सेवाहरु बढीमा बहत्तर घण्टाभित्र र अन्य प्रकृतिका सेवाहरु तोकिएको समयसीमाभित्र नागरिकले प्राप्त गर्नेगरी आवश्यक कानूनी तथा संस्थागत प्रवन्ध गरिनेछ।

७८. सार्वजनिक सडक, फुटपाथ, सरकारी तथा सार्वजनिक स्थानको अतिक्रमण नियन्त्रण गर्न, अनुमति विना स्वीकृति हुने भवन निर्माणकार्य रोक्न र सार्वजनिक स्थानमा फोहरमैला फाल्ने उपर कडा निगरानी र कारवाही गर्न नगर प्रहरीलाई विशिष्टिकृत बलको रुपमा परिचालन गर्न दरबन्दी पुनरावलोकन गरिनेछ।

७९. गैर सरकारी संस्थाले पूर्व सहमति लिई सञ्चालन गर्ने कार्यक्रमलाई उपमहानगरपालिकाले तोकेको क्षेत्रमा परिचालन गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ।

८०. सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, छिटो-छरितो, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाउन **नेपालगञ्ज उपमहानगरपालिका सहयोगी कृत्रिम बुद्धिमत्ता (Nepalgunj Submetropolitan City AI Assistance)** को सञ्चालन गरिनेछ।

८१. नगरवासीको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी सार्वजनिक स्थल, घनाबस्ती र सीमाक्षेत्रमा सिसिटिभी जडान कार्यलाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

## राजस्व तथा स्रोत परिचालन

८२. उपमहानगरपालिकामा सञ्चालन हुने औद्योगिक तथा व्यवसायीक प्रतिष्ठानहरुलाई करको दायरामा ल्याइनेछ। व्यवसाय दर्ता र नवीकरण कार्यलाई व्यवस्थित तथा प्रविधिमैत्री बनाइनेछ।

८३. राजस्व सङ्कलनलाई सहज बनाउन अनलाइन भुक्तानी प्रणालीको विकास गरी राजस्व प्रशासनलाई आधुनिक र करदातामैत्री बनाइनेछ। राजस्व समयमै बुझाउने करदातालाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

८४. वातावरणमैत्री उद्योग, महिला उद्यमी तथा घरेलु तथा साना उद्योगलाई विशेष प्रोत्साहन गरिनेछ।

## तथ्याङ्क, योजना र विकास व्यवस्थापन

८५. उपमहानगरपालिकाको जनसाङख्यिक, आर्थिक र सामाजिक तथ्याङ्क झल्कने गरी नगर प्रोफाईल अद्यावधिक गरिनेछ। जनसाङख्यिक तथ्याङ्कको महत्व बारे जानकारी गराउन तथ्याङ्कीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

८६. दिगो विकासको अवधारणालाई स्थानीयकरण गर्दै योजना तर्जुमादेखि प्रतिफल प्राप्तिको चरणसम्म नागरिकको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ।

**नगर सभा सदस्यज्यूहरु,**

म अब गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ, चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्मको यथार्थ र संशोधित आय व्यय विवरण पेश गर्दछु।

## आय तर्फ

८७. आन्तरिक स्रोत, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम र रोयल्टी वापत प्राप्त रकम समेत गत आर्थिक वर्ष २०८१/८२ मा १ अर्ब ७६ करोड ७९ लाख २६ हजार अनुमान गरिएकोमा १ अर्ब ६८ करोड ९८ लाख २० हजार (९५.५८ प्रतिशत) प्राप्त भएको छ।

८८. चालु आर्थिक वर्ष २०८२/८३ मा १ अर्ब ८३ करोड २३ लाख ९५ हजार अनुमान गरिएकोमा २०८३ असार ५ गते सम्म १ अर्ब ६४ करोड ६ लाख ५६ हजार (८९.५३ प्रतिशत) प्राप्त भएको छ।

व्यय तर्फ

८९. गत आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च रु.१ अर्ब १८ करोड १ लाख २८ हजार विनियोजन भएकोमा रु.१ अर्ब २ करोड ९८ लाख ३० हजार (८७.२६%) खर्च भएको छ। पुँजिगत खर्च रु.५४ करोड ७७ लाख ९७ हजार विनियोजन भएकोमा ३५ करोड ९३ लाख ३३ हजार (६५.५९%) खर्च भएको छ। वित्तीय व्यवस्था तर्फ रु.४ करोड विनियोजन भएकोमा रु.३ करोड ८८ लाख २१ हजार (९७.०५%) खर्च भएको छ।

९०. चालु आर्थिक वर्षको मिति २०८३ साल असार ५ गते सम्मको खर्चसहित चालु खर्चतर्फ विनियोजन भएको रू.१ अर्ब २१ करोड १७ लाख १० हजार मध्ये रू.९१ करोड ११ लाख ४१ हजार (७५.१९ प्रतिशत) खर्च भएको छ । पुँजीगत खर्च तर्फ रू.६१ करोड ६ लाख ८५ हजार विनियोजन भएकोमा रू.२१ करोड ४३ लाख २३ हजार (३५.१ प्रतिशत) खर्च भएको छ। वित्तीय व्यवस्था तर्फ रू.१ करोड विनियोजन गरिएकोमा रू.९९ लाख २८ हजार (९९.२९ प्रतिशत) खर्च भएको छ।

९१. समग्र कूल खर्चमा विनियोजित रकमको तुलनामा ६१.९६ प्रतिशत खर्च भएको छ भने आर्थिक वर्षको अन्त्य सम्ममा करिव ८० प्रतिशत रकम खर्च हुने अनुमान छ।

**अव म आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्दछु।**

९२. उपमहानगरपालिकाको बजेटको अधिकांश हिस्सा सङ्घ र प्रदेशबाट प्राप्त वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम रहेको छ। सीमित स्रोत साधनबाट असीमित आवश्यकता पुरा गर्नुपरेको, नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेट मार्फत राष्ट्रसेवक कर्मचारीहरुको तलबमान, महंगी भत्ता र प्रोत्साहन भत्ता वृद्धि गरेकोमा सो समेतलाई मध्यनजर गर्नुपर्ने अवस्था रहेको छ।

९३.	चालु आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय समानीकरण अनुदानको करिव २ करोड २९ लाख ५ हजार रकम कम प्राप्त हुने भएका कारण अपेक्षित उपलब्धि हासिल हुन कठिन देखिएको छ। चालु आर्थिक वर्षमा आय अनुमानमा परेको असर र आगामी आर्थिक वर्षमा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त सिलिङ्ग, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पेश भएको आय तथा व्ययको सिलिङ्ग तथा राजस्व परामर्श समितिबाट पेश भएको आन्तरिक आयको अनुमानका आधारमा आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय व्यय विवरण तयार गरिएको छ।

९४. वडा कार्यालयका लागी चालु आर्थिक वर्ष २०८२/८३ मा रू.२० करोड विनियोजन गरिएकोमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वडा कार्यालयको लागि रू.२१ करोड विनियोजन गरिएकोमा थप भएको रकमलाई कार्यसम्पादन सुचकांकका आधारमा बजेट निकासा गर्ने व्यवस्था मिलाएको छु।

९५. महाशाखा/शाखाहरु मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमका लागि रू.८ करोड ७६ लाख ६२ हजार विनियोजन गरेको छु। वडा कार्यालयहरुलाई उपलब्ध गराइएको वजेट सीलिङ बमोजिमको रकम उपमहानगरपालिकालाई प्राप्त हुने विभिन्न स्रोतहरुको अनुपातमा उपलब्ध गराईने छ।

९६. यस वर्षको मौज्दात रकमबाट नै क्रमागत भै आगामी आर्थिक वर्षमा दायित्व सर्ने योजना, भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रम र नगरस्तरीय योजनामा खर्च गर्ने व्यवस्था गरेको छु।

९७. सङ्घीय समपुरक अनुदानबाट प्राप्त रकम रू.५३ लाख र प्रदेश सरकारबाट समपुरक अनुदान वापत प्राप्त रकम रू.१ करोड ५० लाख कार्यविधि बमोजिम नगरपालिकाले व्यहोर्ने रकम समपुरक रकमबाट व्यहोर्ने गरी सम्बन्धित सरकारबाट तोकिएको योजनामा नै खर्च गर्ने प्रस्ताव गरेको छु।

९८. सङ्घीय सरकारको विशेष अनुदानबाट प्राप्त रकम लक्षित वर्गका व्यक्तिलाई नवप्रवर्तनमा आधारित उद्यम विकास सिर्जना र क्षमता विकास कार्यक्रमका लागि यस वर्ष प्राप्त रकम रू.२ करोड ६९ लाख स्वीकृत प्रस्ताव बमोजिम सोही कार्यक्रममा नै खर्च गर्ने प्रस्ताव गरेको छु।

क) आय तर्फ

| सि.नं. | बजेट शीर्षक | आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित बजेट रु. | अक्षरेपी |
|---|---|---|---|
| बाँडफाँट गर्न नपाईने रकमः | | | |
| १ | सशर्त अनुदान (सङ्घ) | ६८६,२००,०००/- | अठसठ्ठीकरोड बैसठ्ठीलाख रुपैंया |
| २ | समपूरक अनुदान (सङ्घ) | ५,३००,०००/- | त्रिपन्नलाख रुपैंया |
| ३ | विषेश अनुदान (सङ्घ) | २६,९००,०००/- | दुईकरोड उनन्सत्तरीलाख रुपैंया |
| ४ | सशर्त अनुदान (प्रदेश) | ३१,४५०,०००/- | तीनकरोड चौधलाख पचासहजार रुपैंया |
| ५ | समपूरक अनुदान (प्रदेश) | १५,०००,०००/- | एककरोड पचासलाख रुपैंया |
| जम्मा | | ७६४,८५०,०००/- | छयहत्तरकरोड अठचालीसलाख पचासहजार रुपैंया |
| बाँटफाँट गर्न पाईने रकमः | | | |
| सि.नं. | बजेट शीर्षक | आर्थिक वर्ष २०८३।८४ मा अनुमानित बजेट | |
| १ | वित्तीय समानीकरण (सङ्घ) | २७२,८००,०००/- | सत्ताइसकरोड अठ्ठाइसलाख रुपैंया |
| २ | वित्तीय समानीकरण (प्रदेश) | १९,३५२,०००/- | एककरोड त्रियानब्बेलाख बाउन्नहजार रुपैंया |
| ३ | राजस्व बाँडफाँट (सङ्घ) | १८६,९०३,०००/- | अठारकरोड उनन्सत्तरीलाख तीनहजार रुपैंया |
| ४ | राजस्व बाँडफाँट (सङ्घ) वन रोयल्टी | ५००,०००/- | पाँचलाख रुपैंया |
| ५ | राजस्व बाँडफाँट (प्रदेश) | २१,५७८,०००/- | दुईकरोड पन्ध्रलाख अठ्हत्तरहजार रुपैंया |
| ६ | घरजग्गा रजिष्टेशन (मालपोत) | १४०,०००,०००/- | चौधकरोड रुपैंया |
| ७ | आन्तरिक आय | २५०,०००,०००/- | पचीसकरोड रुपैंया |
| ८ | आन्तरिक आय (मौज्दात) | १००,०००,०००/- | दसकरोड रुपैंया |
| ९ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ५,०००,०००/- | पचासलाख रुपैंया |

| | | | |
|---|---|---|---|
| १० | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ३,०००,०००/- | तीसलाख रुपैंया |
| ११ | जनसहभागिता | २,५००,०००/- | पच्चीसलाख रुपैंया |
| जम्मा | | १,००१,६३३,०००/- | एकअर्ब सोहलाख तेत्तीसहजार रुपैंया |
| कूल आय | | १,७६६,४८३,०००/- | एकअर्ब छयहत्तरकरोड चौंसट्ठीलाख त्रियासीहजार रुपैंया |
| ख) व्यय तर्फ | | | |
| १ | सशर्त तथा बाँडफाँट गर्न नमिल्ने खर्च | ७६४,८५०,०००/- | छयहत्तरकरोड अठचालीसलाख पचासहजार रुपैंया |
| २ | चालु खर्च | ४२५,०५०,०००/- | बयालीसकरोड पचासलाख पचासहजार रुपैंया |
| ३ | सङ्घ समपुरक खर्च | १२,३६६,६६६/६७ | एककरोड तेइसलाख छैसट्ठीहजार छसय छैसट्ठी रुपैंया पैसा सत्सठ्ठी |
| ४ | प्रदेश समपुरक खर्च | २२,५००,०००/- | दुईकरोड पच्चीसलाख रुपैंया |
| ५ | अन्य समपुरक | ५,०००,०००/- | पचासलाख रुपैंया |
| ६ | वित्तिय व्यवस्था (साँवा) | ३०,०००,०००/- | तीनकरोड रुपैंया |
| ७ | वित्तिय व्यवस्था (ब्याज भुक्तानी) | १०,०००,०००/- | एककरोड रुपैंया |
| ८ | नगरस्तरीय तथा प्रवद्धनात्मक | १९९,०५४,३३३/३३ | उन्नाइसकरोड नब्बेलाख चौवन्नहजार तीनसय तेत्तीस रुपैयाँ पैसा तेत्तीस |
| ९ | विषयगत उपशाखा, शाखा, महाशाखा | ८७,६६२,०००/- | आठकरोड छहत्तरलाख बैसट्ठीहजार रुपैंया |
| १० | वडा कार्यालय | २१०,०००,०००/- | एकाइसकरोड रुपैंया |
| कुल व्यय | | १,७६६,४८३,०००/- | एकअर्ब छहत्तरकरोड चौंसट्ठीलाख त्रियासीहजार रुपैंया |

९९. आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा उपमहानगरपालिकालाई सहयोग गर्ने सङ्घीय सरकार, लुम्बिनी प्रदेश

सरकार, बाँके जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने सङ्घीय तथा लुम्बिनी प्रदेश सभाका सदस्यज्यूहरु, स्थानीय तहमा क्रियाशील राजनीतिक दल, सङ्घ-संस्था, विद्वत वर्ग, निजी क्षेत्र, विकास साझेदार एवं सञ्चार क्षेत्र लगायत नगरवासीबाट प्राप्त सहयोग, समन्वय तथा सहकार्यका लागि धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनबाट यस उपमहानगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक एवम् भौतिक पूर्वाधारको विकासले नगरवासीको जीवनमा सकारात्मक परिवर्तन हुने कुरामा विश्वास राख्दै नगरवासीबाट सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद ।